प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

सूचना नंः २/२०८०/८१

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम माग गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/१२**

कृषि ज्ञान केन्द्र झापाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत झापा जिल्लामा तपसिलका बाली/बस्तुहरुमा नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन गर्ने सम्बन्धमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुयल २०७७ बमोजिम ब्लक क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले झापा जिल्लाका इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी/कृषि फर्महरुले यो सुचना प्रकाशन भएको मितिले २१औं दिन भित्र अर्थात (मिति २०८०/०७/०२ गते) सम्ममा कार्यालय समय भित्र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुयल २०७७ को अनुसूची ६ अनुसारको ब्लक विकास कार्यक्रम माग गर्ने आवेदन फारम र अनुसूची ७ बमोजिमको ढाँचामा विवरण भरी तपशिल अनुसारका कागजात संलग्न राखी आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि यस कार्यालयको फोन नं ०२३-४५२०५६/०२३-४५२५४६ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाईट **jhapa.akc.gov.np** बाट परियोजना कार्यान्वयन म्यानुयल र अन्य आवश्यक अनुसूचीहरु डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

संचालन हुने ब्लक विकास कार्यक्रमः

| क्र.सं | बाली | एकाई | परिमाण | अनुदान रकम | आवश्यक क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | केरा | संख्या | १ | लागत साझेदारी ५०% वा बढिमा १५ लाख | १०० हेक्टर (१५० विगाह) |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको अनुसूचीहरु बमोजिमको आवेदन/प्रस्तावना ।
२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदि) ले प्रति आवेदन रु २००/- राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं १४२२९, कार्यालय कोड ३१२०११२०११ मा आबेदन दस्तुर वापत जम्मा गरि सोको सकल भैचर पेश गर्नु पर्नेछ ।
३. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी /निजी उद्यमी/ कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र गत आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
५. कृषि सहकारी/ निजी उद्यमी/ कम्पनीको हकमा गत आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी।
६. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।
७. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायीं संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा ।
८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
९. संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धि निर्णयको प्रतिलिपि साथै निवेदन पेश गर्ने व्यक्तिको अख्तियारीको निर्णय ।
१०.आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र।
११.प्राबिधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणपत्रको प्रतिलिपी ।
१२." प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुयल २०७७" बमोजिम माग गरिएका आवश्यक कागजातहरु पुर्णता नभएमा प्रस्ताव स्वत रद्द हुनेछ ।